# शान्तिनगर गाउँपालिकाको बाह्रौ गाउँसभामा प्रस्तुत बजेट बक्तब्य-२०७९/०८०

**आदरणीय गाउँसभाका सभाअध्यक्ष एंव सभासद ज्युहरु,**

ऐतिहासिक जनआन्दोलन मार्फत स्थापित नेपालको संविधान २०७२ अनुसार स्तानीय तहको मिति २०७९ साल बैशाख ३० गते सम्पन्न निर्वाचनबाट यस गाउँपालिकाको जनप्रतिनिधिको रुपमा निर्वाचित भई प्रथम वर्षको बजेट बनाउने जमर्को गरेकाछौं । यस अवधिमा शान्तिनगर गाउँपालिकामा हामी जनप्रतिनिधिको रुपमा निर्वाचित भएर आईसकेपछी गाउँपालिकाका जनताको चाहाना,आवश्यकता र श्रोत साधनको उपलब्धता समेतलाई विचार गरेर योजना तथा कार्यक्रमहरु तर्जुमा गरिरहेका छौ । काम गर्ने क्रममा जनताहरुका सल्लाह सुभावहरुलाई सिरोपर गर्ने प्रण गर्दै यहाँहरुबाट अभिव्यक्त आवश्यकता पुरा गर्ने वाचाका साथ आज मैले प्रथम पटक शान्तिनगर गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को बजेट तयार गरी यस गरिमामय बाह्रौ गाउँसभामा प्रस्तुत गर्न गईरहेको छु ।

यस सुवर्ण अवसरमा बजेट प्रस्तुत गरिरहदा गरिमामय सभामा देश र जनताको लागि आफ्नो जीवन बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात,अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्वाञ्जली अर्पण गर्दछु । भरखरै सम्पन्न स्थानीय तहको निर्वाचनमा उत्हासाकाथ सहभागी भई हामीलाई यस गरीमामय स्थानमा पुर्याउनुहुने शान्तिनगर गाउँपालिकाका जनतालाई धन्यवाद व्यक्त गर्दछु । साथै गाउँपालिकाको संस्थागत विकासमा योगदान पुर्याउनु हुने अग्रज अभिभावक,जनप्रतिनिधि,राजनीतिकर्मी,राष्ट्रसेवक कर्मचारी,समाजसेवी,सुरक्षा निकाय,संचारकर्मी लगायत अन्य सरोकारवाला सबैमा कृतज्ञता व्यक्त गर्दछु ।

जनताको माग,चाहाना,आवश्यकता र संभावनाको उचित संबोधन हुने गरि बजेट निर्माण एंव तर्जुमा गर्नु र योजनाहरु अघि बढाउनु हाम्रो कर्तब्य हो । प्रत्येक वडा तथा बस्तीका जनताको विकासलाई सम्बोधन गर्न योजना तर्जुमा प्रक्रियामा जनताको अधिकाधिक सहभागीताबाट विकास योजनाहरु छनौट हुदै आएका छन ।बजेट तथा कार्यक्रम निर्माण गर्दा स्थानीय सरकार संचालन ऐन-२०७४,नेपाल सरकारको सोच,नीति,अन्तराष्ट्रीय क्षेत्रमा जनाएको प्रतिवद्दता ,मार्गदर्शन,विभिन्न ऐन,निर्देशिका,कार्यविधिका साथ साथै यस गाउँपालिकाको नीति तथा कार्यक्रम भित्र केन्द्रित रहेर यो बजेट प्रस्तुत गर्न गइरहेको छु ।

**आदरणीय सभाअध्यक्ष एंव सभासद ज्युहरु,**

आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम मार्फत शान्तिनगर गाउँपालिकालाई समृद्द गाउँपालिका बनाउने उद्देश्यका साथ यस गाउँसभामा प्रस्तुत भएको नीति तथा कार्यक्रमलाई मुख्य मार्गदर्शनका रुपमा लिई यो बजेट तयार गरेको छु । शान्तिनगर गाउँपालिकाको बजेट तथा कार्यक्रम

तर्जुमा समितिको संयोजक एंव उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा आ.ब. २०७९/०८० को बजेट प्रस्तुत गर्न पाउदा मलाई गौरवको अनुभुति भएको छ ।

**आदरणीय सभाअध्यक्ष एंव सभासद ज्युहरु ,**

अव म यस सम्मानित सभामा बजेटको शिर्षकगत साराशं प्रस्तुत गर्न गराईरहेको छु ।

आर्थिक वर्ष २०७९/०८० को लागि संघिय/प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान अन्तर्गत संघ तर्फ रु.११ करोड ३१ लाख, र प्रदेश तर्फ रु. ६० लाख ७० हजार गरी जम्मा रु.११ करोड ९१ लाख ७० हजार, राजश्व बाडफाड स्वरुप संघबाट रु. ८ करोड ९७ लाख २० हजार र प्रदेशबाट रु.५६ लाख ५८ हजार गरी जम्मा रु. ९ करोड ५३ लाख ७८ हजार , समपुरक अनुदान स्वरुप संघबाट रु.१ करोड ४० लाख र प्रदेशबाट रु. १ करोड ५० लाख गरी जम्मा रु. २ करोड ९० लाख,सशर्त अनुदान संघ तर्फ रु.१८ करोड ७४ लाख र प्रदेश तर्फ रु. ८० लाख गरी जम्मा रु.१९ करोड ५४ लाख, संघिय विशेष अनुदान तर्फ रु. १ करोड र प्रदेश तर्फ रु.६० लाख गरी जम्मा रु. १ करोड ६० लाख प्राप्त भएको छ । चालु वर्षको अल्याबाट आउने अनुमानित रकम रु. ३ करोड ८८ लाख र अनुमानित आन्तरिक आम्दानी तर्फ रु.१ करोड ६० लाख गरि कुल जम्मा बजेट रु.५० करोड ९७ लाख ४८ हजार अनुमान गरिएको छ । जसमध्ये चालु खर्च तर्फ ३१ करोड ६६ लाख ४८ हजार अर्थात कुल बजेटको **६२.११%** बिनियोजन गरेको छु ।त्यस्तै पुजिगत तर्फ १९ करोड ३१ लाख अर्थात कुल बजेटको **३७.८८ %** बिनियोजन गरेको छु ।

गत आर्थिक वर्षको यथार्थ आम्दानी र यस बर्षको संशोधित अनुमान तथा आगामी आ.ब.को प्रस्तावित आयको विवरण अनुसूचि १ मा संलग्न गरिएको छ । त्यसै गरी गत आर्थिक वर्षको वास्तविक खर्च र यस वर्षको संशोधित अनुमान र आगामी आ.ब.को व्यय अनुमानको विवरण अनुसुचि १ मा संलग्न गरिएको छ । साथै उक्त कार्यक्रम र बिनियोजित बजेटको विस्तृत विवरण गाउँसभाबाट पारित भएपछि गाउँपालिकाको रातो कितावमा समावेश गरिने व्यहोरा अवगत गराउदछु ।

**आदरणीय सभाअध्यक्ष एंव सभासद ज्युहरु,**

अब म यहाँहरु समक्ष आ.व.२०७९/०८० को बजेटको शिर्षकगत साराशं प्रस्तुत गर्न चाहान्छु ।

विषयगत शाखाको लागि बिनियोजित बजेटको संक्षिप्त बिबरण देहाय बमोजिम गरेको छु ।

| क्र.स. | विषयगत शाखा | विनियोजित वजेट | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा शाखा | २ करोड ९५ लाख | |
| २ | स्वास्थ्य शाखा | ४९ लाख | |
| ३ | महिला बालबालिका तथा लक्षित वर्ग | २५ लाख | |
| ४ | कृषि विकास | ३९ लाख | |
| ५ | पशु सेवा | २५ लाख | |
| ६ | न्यायिक समिति | ५ लाख | |

अन्य शिर्षकगत बिनियोजित बजेटको साराशं विवरण तपशिल बमोजिम गरेको छु ।

| क्र.स. | विषयगत शाखा | विनियोजित वजेट | कैफियत |
|---|---|---|---|
| १ | प्रशासनिक खर्च | ३ करोड ६१ लाख ५० हजार | |
| २ | कार्यालय संचालन र सेवा खर्च | २ करोड ९७ लाख ९८ हजार | |
| ३ | सेवा तथा परामर्श खर्च | २० लाख | |
| ४ | कार्यक्रम खर्च | १५ लाख | |
| ५ | कार्यालय पुँजिगत खर्च | ३८ लाख | |
| ६ | विभिन्न कोषहरु | १५ लाख | |
| ७ | समपुरक कोष | ३ करोड ४८ लाख | |
| ८ | गाउँपालिका स्तरीय योजना | ३ करोड १० लाख | |
| ९ | वडा स्तरीय योजना तथा कार्यक्रमहरु | ७ करोड | |

**आदरणीय सभाअध्यक्ष एंव सभासद ज्युहरु**

अव म यस गाउँपालिकाको महत्वपुर्ण योजनाको संक्षिप्त जानकारी गराउदछु ।

क) शान्तिनगर गाउँपालिकाको **वडा न ४ को जुम्लेकुला पिपल चौतारी देखि वडा न ३ को सुन्दरादेवी मन्दिरसम्मको सडक स्तरोन्नती तथा कालोपत्रेको** बाँकी खण्ड कालोपत्रे गर्न नेपाल सरकार समपुरक अनुदानमा पालिकाबाट सत प्रतिशत थप गरी १ करोड ४० लाख बजेट बिनियोजन गरेको छु ।

ख) **कोरवाङ कासिपुर देखि रगैजासम्म सडक कालोपत्रेको** लागि प्रयाप्त बजेट विनियोजन गरेको छु ।यस वर्ष उक्त सडकको लागि संघ,प्रदेश र स्थानीय तहको लागत साझेदारीमा २ करोड ९० लाख बजेट बिनियोजन गरेको छु ।

ग) **बिरेन्द्र मा.वि खिलतपुरमा खानेपानी सुधार योजना,** नेपाल सरकारको विशेष अनुदानबाट संचालन हुने गरि १ करोड बजेट ब्यबस्था गरेको छ ।

घ) **खैरेनी-जुम्लेकुला सडक कालोपत्रे** योजनाको लागि प्रदेश सरकारसंगको साझेदारीमा निर्माण गर्न पालिकाबाट सत प्रतिशत थप गरि १ करोड बजेट बिनियोजन गरेको छु।

ङ) **स्वामी गैरा पेदीखोला बाघखोर सडक स्तरोन्नती** गर्न प्रदेस सरकार र गाउँपालिकाको संयुक्त लगानीमा गर्ने गरी ५० लाख बजेट विनियोजन गरेकोछु ।

च) संघीय सरकारको तराई मधेश सम्बृद्धि कार्यक्रमबाट **काँसीपुर गिधनीया दुवीचौर सडक र माले चौतारी देखि पोटली सडक ढलान/कालोपत्रेको** लागि ६० लाख बजेट विनियोजन गरेको छु ।

छ) प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत कृषि क्षेत्रमा ब्यवसायिकरण र विविधिकरण गरी जिवन निर्वाहमुखि कृषि प्रणालीलाई बजारिकरण गर्न **तेलहन पकेट विकासका** लागि १२ लाख र **मकैवाली पकेट विकासलाई** निरन्तरता दिदै ६ लाख बजेट बिनियोजन गरेको छु ।

ज) झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत संघिय सरकारको सशर्त अनुदानबाट संचालन हुने गरि **धनौरा झोलुङ्गे पुल,** कार्यक्रमका लागि **१५ लाख** बजेटको ब्यबस्था गरेको छु।

झ) युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना मार्फत रोजगारी सृजना शिर्षकमा २३ लाख ५१ हजार बजेट खर्च गर्ने ब्यबस्था मिलाएको छु।

ञ) पर्यटन पुर्वाधार विकास आयोजना अन्तर्गत सापमारा धुरीमा भ्यु टावर तथा केवलकारको लागि १० लाख र धागेछहरा तिनखरा पदमार्ग निर्माणको लागि १० लाख खर्च गर्ने ब्यबस्था मिलाएको छु।

ट) सुरक्षित नागरिक आवास कार्यक्रमको लागि ३७ लाख ८३ हजार थप बजेटको ब्यबस्था गरि निरन्तरता दिएको छु ।

ठ) लघुउद्यम विकास कार्यक्रम अन्तर्गत नँया लघुउद्यमी सृजना गर्न तथा आवश्यकता पहिचानका आधारमा पुनतार्जगी र एडभान्स सिप विकास तालिम कार्यक्रम संचालनका लागि २९ लाख बजेट बिनियोजन गरेको छु।

ड) खानेपानी सेवा विस्तार तथा पुनस्थापन कार्यक्रम अन्तर्गत **पातेटाकुरा एकली चिराघाट शानतिनगर र वडा न ३ खानेपानी** आयोजनाको लागि २५ लाख र **माईलीपानी खानेपानी आयोजना** बिस्तारको लागि ३० लाख बजेटको ब्यबस्था गरेको छु ।

ढ) विद्यालय शिक्षा क्षेत्र योजना मार्फत **तोकिएका बिद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान** शिर्षकमा ६६ लाख ५० हजार बिनियोजन गरेको छु। त्यसै गरि **सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड ब्यबस्थापन** गर्न १७ लाख ४१ हजार खर्च गर्ने ब्यबस्था मिलाएको छु ।

ण) शान्तिनगर गाउँपालिका वासीलाई निशुल्क **मोतिविन्दुको चेकजाँच तथा अपरेशन** कार्यक्रमलाई निरन्तरता दिदै यसवर्ष ५लाख ५० हजार बिनियोजन गरेको छु ।

त) गर्भवती तथा सुत्केरी महिलाहरुको लागि पौष्टिक तत्व वितरण कार्यक्रमलाई निरन्तरता दिदै ४ लाख ५० हजार खर्च गर्ने ब्यबस्था मिलाएको छु ।

थ) महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई यातायात प्रोत्साहन स्वरुप २ लाख ४० हजार बजेटको ब्यबस्था मिलाएको छु ।

द) संघीय सरकारको सशर्त अनुदानबाट स्रोत ब्यहोर्ने गरी आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवा र निशुल्क औषधीको लागि १२ लाख ७५ हजार बजेटको ब्यबस्था मिलाइको छु ।

ध) वडा कार्यालयको बिभिन्न योजना तथा कार्यक्रम संचालन गर्नको लागि वडाहरुमा प्रयाप्त बजेट विनियोजन गरेको छु ।

न) यसका अतिरिक्त अन्य धेरै योजना तथा कार्यक्रमहरु संचालन गर्नका लागि संघ तथा प्रदेश सरकारबाट खर्च गर्ने गरी बजेट ब्यबस्था गरेको छु ।

ऩ) उपयुक्त बमोजिम आ.ब.२०७९/०८० को आय तथा व्ययलाई ब्यबस्थित गर्न बनेका आर्थिक बिधेयक,२०७९ तथा बिनियोजन विधेयक,२०७९ पनि छलफल गरि स्वीकृतिका लागि यस गरिमामय सभामा पेश गरेको छु ।

**आदरणीय सभाअध्यक्ष एंव सभासद ज्युहरु**

अन्तमा, आ.व.२०७९/०८० मा शान्तिनगर गाउँपालिकाको वार्षिक बजेट तर्जुमा गर्ने सन्दर्भमा सहयोग पुर्याउनुहुने गाउँपालिकाका अध्यक्ष ज्यु, बिभिन्न समितिका संयोजक तथा सदस्यज्युहरु, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत योजना तथा बजेट तर्जुमा कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा खिटनु भएका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति आभार ब्यक्त गर्दछु । बजेट निर्माणमा परोक्ष सहयोग पुर्याउनु हुने राजनैतिक दल, समाजसेवी, बुद्दीजिवी, संचारकर्मी, विभिन्न गैसस, सुरक्षा निकाय एंब आम शान्तिनगरवासी लगायत सबैमा हार्दिक धन्यावाद ज्ञापन गर्दछु । साथै बजेटको सफल कार्यान्वियनमा सबैको साथ र सहयोगको अपेक्षा गरेको छु ।

धन्यावाद ।

प्रेमा कुमारी बुढाथोकी
संयोजक(बजेट तथा योजना तर्जुमा समिति)
मितिः२०७९।०३।१०